बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**गरिमामय यस सभाका अध्यक्षज्यू,**
**सभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भई दोस्रो कार्यकालको पाँचौ वर्षका लागि यस गरिमामय गाउँसभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्राप्तिका लागि तथा भदौ २३/२४ गतेको जेन्जी आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात–अज्ञात सम्पूर्ण शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न लोकतान्त्रिक आन्दोलन तथा जेन्जी आन्दोलनका घाइते योद्धा, अपाङ्गता भएका व्यक्ति विभिन्न आन्दोलन तथा संघर्षमा बेपत्ता नागरिक र तिनका परिवार प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।
- गाउँपालिकालाई प्राप्त हुने संघीय सरकार, प्रदेश सरकार तथा आन्तरिक आय समेतको प्रक्षेपण गरी प्राप्त हुने निश्चित स्रोत तथा साधनको न्यायोचित वितरण, समावेशी र सहभागितामूलक स्रोत परिचालन मार्फत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यस नीति तथा कार्यक्रमले 'समृद्ध बैजनाथ, मुहारमा मुस्कान' सहित सुखी र खुसी नागरिक निर्माण गर्ने विश्वासिलो आधार प्रदान गर्ने विश्वास लिइएको छ।
- गरीब तथा विपन्न सबै जातजाति र समुदायका नागरिकका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका स्तरीय बहुउद्देश्यीय लालपुर खेलमैदानको पूर्वाधार निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- शहीद बैजनाथ थारुको सम्झनामा शालिक स्थापना गरिनेछ।
- सिँचाइ सुविधाको विस्तारका लागि डिप बोरिङको व्यवस्था गरिनेछ।
- वातावरण स्वच्छ र हराभरा बनाउन बैजनाथ गाउँपालिका भित्रका सडक तथा सार्वजनिक स्थलहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

- युवा बेरोजगारलाई स्वरोजगार बनाउने उद्देश्यले सीपमूलक तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यावसायिक तरकारी उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- फलफूल बगैंचा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।
- दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- पशु स्वास्थ्य सेवा तथा खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- नयाँ खानेपानी आयोजनाहरू निर्माण गरिनेछन्।
- फोहोर सङ्कलन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरूको एकीकरण, क्षमता अभिवृद्धि तथा सुशासन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- उत्पादनमुखी सहकारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- लघु तथा साना घरेलु उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय व्यापार तथा बजार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।
- युवा उद्यमशीलता तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रत्येक वडामा खेलकुद प्रशिक्षण, पूर्वाधार विकास तथा खेल सामग्री सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय संस्कृति, कला तथा परम्पराको संरक्षण र संवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यटन महोत्सव तथा सांस्कृतिक मेला कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यटन, उद्यम विकास तथा सामूहिक होमस्टे प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- वन संरक्षण तथा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- वातावरण संरक्षण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी कार्यक्रम सञ्चालन गरिनेछ।
- जलाधार संरक्षण तथा भूक्षय नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका स्तरीय बहुवर्षिया गौरवका पूर्वाधार योजनाहरू सञ्चालनमा ल्याइनेछ।
- पालिकावासीका मौलिक हक, आधारभूत शिक्षा, स्वास्थ्य सेवा, खानेपानी, सरसफाइ, कृषि तथा पशुपालनसँग सम्बन्धित अधिकारहरूको प्रत्याभूति हुने गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

- सार्वजनिक सेवा सुविधामा सूचनाको हक सम्बन्धी कानुनको पूर्ण पालना गर्दै इ–डिजिटल एकीकृत सेवा केन्द्र सञ्चालन गरिनेछ।
- सेवाग्राहीहरूको सुविधालाई मध्यनजर गर्दै सार्वजनिक सेवा प्राप्तिलाई सहज, सरल तथा छिटोछरितो बनाउन सेवाग्राही प्रतीक्षालय सञ्चालनलाई निरन्तरता दिइनेछ।
- महिला, आदिवासी जनजाति, दलित, थारु, मुस्लिम, मधेशी, टुहुरा बालबालिका, पिछडा वर्ग, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, मुक्त कमैया, कमलरी, द्वन्द्वपीडित, बेपत्ता परिवारका सदस्य तथा अन्य लक्षित वर्ग, क्षेत्र एवम् समुदायमा विकासको प्रतिफल न्यायोचित वितरण हुने गरि समावेशी आर्थिक विकासको आधार निर्माण गर्दै लगिने छ।
- आवश्यकताको आधारमा सडक स्तरोन्नति तथा ढल निकास व्यवस्थापनका लागि ह्युम पाइप, कल्भर्ट तथा साना पुल निर्माण गरिनेछ। ठूला पुल, ट्रस पुल, झोलुङ्गे पुल तथा कजवे निर्माणका लागि संघ, प्रदेश सरकार तथा सम्बन्धित निकायसँग समन्वय र पहल गरिनेछ।
- विद्युत् सेवा तथा लाइन विस्तार गरि गुणस्तरीय विद्युत सेवा दिन ट्रान्सफर्मर जडान, भोल्टेज सुधार तथा इन्सुलेटेड तार विस्तारमा नेपाल विद्युत् प्राधिकरणसँग समन्वय र सहकार्य गरिनेछ।
- कृषि, पशुपालन, सहकारी तथा लघुउद्यममार्फत रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।
- विपद् व्यवस्थापन तथा तत्काल उद्धार कार्यलाई प्रभावकारी बनाउन वरुण यन्त्र खरिद आवश्यक उपकरण खरिद तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- न्याय सम्पादन कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउँदै निरन्तरता दिइनेछ।
- "कृषि उत्पादन मेरो र मेरो परिवारको बाँच्ने आधार" भन्ने मूल नारासहित किसानसँग पालिका प्रमुख कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका तथा वडा स्तरीय सेवा प्रवाहसम्बन्धी डकुमेन्ट्री निर्माण गरिनेछ।
- बैजनाथ गाउँपालिकाका किसानहरुको आवश्यकतालाई मध्यनजर गर्दै २ वटा चिस्यान घरको स्थापना गरिने छ ।
- माटोको उर्वरा शक्ति बढाउन रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गर्दै जैविक मल उत्पादनको अवाधारण ल्याउने तथा कृषि सकृय कोषको स्थापना गरि रैथाने तथा लोपोन्मुख बाली संरक्षण गर्न रैथाने बाली बीउ बैंकको स्थापना गर्दै खाद्य भण्डारण गरि

आपतकालीन अवस्था र बेसहारा वर्गका लागि जीवन जिउनका लागि खाद्यान्न वितरण गर्ने नीति ल्याइनेछ ।

- वडा नं. १,३,४,६,७,८ मा निस्सा वितरण भैसकेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी प्रति ऐलानीको नापनक्सा सम्पन्न भैसकेको र नापजाँच गर्न बाँकी २ र ५ नं वडामा नापजाँच प्रकृया अगाडी बढाई एकिन गरि लालपूर्जा वितरणका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन सहित आवश्यक बजेट छुट्याई उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको जग्गा व्यवस्थापन तथा लालपुर्जा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरूमा रंगरोगन, फूलबारी तथा करेसाबारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयबाट अध्ययन गरी उच्च शिक्षा हासिल गर्न इच्छुक विद्यार्थीका लागि आवश्यक सिफारिस गरिनेछ ।
- सामुदायिक विद्यालयको अवस्था तथा आवश्यकताका आधारमा तह मिलान र विद्यालय एकीकरण प्रक्रिया अगाडि बढाइनेछ ।
- स्वयंसेवक शिक्षक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- छात्रवृति बैंकको अवाधारणालाइ निरन्तरता दिईनेछ ।
- स्थानीय सार्वजनिक खरिद नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नौबस्ता औद्योगिक क्षेत्रभित्रका प्रभावित बासिन्दाको व्यवस्थापन तथा औद्योगिक क्षेत्र सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।
- निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न कृषि सहकारी तथा अन्य संस्थाहरूसँग साझेदारी र सहकार्य गरिनेछ ।
- रैथाने पेशा तथा सीपको संरक्षण गर्दै स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय खेलाडी उत्पादन तथा खेलकुद विकासका लागि पूर्वाधार निर्माण, प्रशिक्षण र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सूचना प्रविधिको उपयोगमार्फत सार्वजनिक सेवा, सूचना प्रवाह तथा आपत्कालीन जानकारी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गरिनेछ ।

- मौलिक तथा परम्परागत कला, संस्कृति र सम्पदाको संरक्षण तथा संवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- वन्यजन्तु द्वन्द्व न्यूनीकरण, पर्यावरणीय सन्तुलन, विपद जोखिम न्यूनीकरण, प्राकृतिक श्रोतको दिगो उपयोग, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण, विपदबाट हुने क्षति, वनजन्य उत्पादनको दिगो व्यवस्थापन, आर्थिक सामाजिक र पर्यावरणीय विकास, बाढी, पहिरो, वन डढेलो नियन्त्रण, भूक्षय न्यूनीकरण सम्बन्धी विभिन्न क्रियाकलाप गरिनेछ ।
- चालु खर्चलाई नियन्त्रण गरी पुँजीगत खर्च वृद्धि तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ ।
- आन्तरिक राजस्वको आधार विस्तार गर्न राजस्व सुधार योजना कार्यान्वयन गरिनेछ ।
- योजना बैंक सञ्चालनमा ल्याई आयोजना छनोट प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ ।
- बालमैत्री स्थानीय शासन घोषणा गरिनेछ ।
- स्वच्छ तथा गुणस्तरीय खानेपानी विस्तार परियोजना सञ्चालन गरिनेछ ।
- वातावरणीय सरसफाइ तथा स्वच्छता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- क्षेत्रीय कारागार तथा बाल सुधार गृहका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- नमुना थारू गाउँ 'च्यामा' मा सामूहिक होमस्टे तथा पर्यापर्यटन विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- "स्वस्थ बैजनाथ, घरदैलो स्वास्थ्य सेवा" कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नसर्ने रोग तथा मनोसामाजिक स्वास्थ्य परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- डिजिटल स्वास्थ्य तथा स्वास्थ्य सूचना प्रणाली नीति लागु गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूको सुदृढीकरण तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- प्रविधिमैत्री तथा नवप्रवर्तनशील शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सीपमूलक तथा रोजगारमुखी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय सुशासन तथा शैक्षिक र भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित तथा दिगो खानेपानी पहुँच विस्तार गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलस्रोत संरक्षण तथा जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा भूमि प्रशासन शाखा सञ्चालनमा ल्याइनेछ ।

- किसानसंग पालिका प्रमुख उपलब्धि मापन कार्यक्रम संचालन गरिनेछ ।
- खेलकुद विकास समितिलाई आवश्यक बजेट छुट्याइनेछ ।
- नगर प्रहरी व्यवस्थापन तथा स्तर अभिवृद्धि तालिमको लागि बजेटको व्यवस्था गरिनेछ ।
- स्वच्छ चुलो तथा वैकल्पिक ऊर्जा प्रवर्धन साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- बैजनाथ गाउँपालिका आमसञ्चार नीति ल्याइनेछ ।
- कृषि क्याम्पस संचालन, प्राविधिक शिक्षा तथा उच्च शिक्षा हाशिल गर्न बहुमुखी क्याम्पस स्थापनाको लागि विशेष पहल गरिनेछ ।
- विषयगत शिक्षक व्यवस्थापनका लागि तहगत र विषयगत शिक्षक दरबन्दी मिलान कार्यक्रम संचालन गरिने छ ।
- एक वडा विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- एक वडा एक नमुना विद्यालयको आधारशिला तयार गरिनेछ ।
- पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तह र सञ्चार क्षेत्र बीच नियमित संवाद तथा समन्वयको व्यवस्था गरिनेछ ।
- जीवनको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।
- "स्वस्थ समाज समृद्ध बैजनाथ" का लागि योग तथा जुम्बा डान्स कार्यक्रम संचालन गरिनेछ ।
- करको दायरा बढाउने नीति अवलम्बन गरिनेछ ।
- १५ शैयाको अस्पताल निर्माण कार्यलाई यथाशिघ्र सम्पन्न गर्न संघिय सरकारसंग बजेट सुनिश्चितताको लागि पहल गरिनेछ ।
- कृषि पोल जडानको लागि नेपाल विद्युत प्राधिकरणसंग आवश्यक पहल गरिनेछ ।
- स्थानीय सरकारको सिफारिसमा संस्थागत विद्यालयहरूले कम्तीमा १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- युवाहरूको सीप, नेतृत्व क्षमता तथा उद्यमशीलता विकास गरी स्वरोजगारका अवसर सिर्जना गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

अब म बैजनाथ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ मा अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

१. स्वास्थ्य

१. सिकलसेल एनेमिया रोकथामका लागि सचेतना अभिवृद्धि, रक्त नमुना परीक्षण तथा विद्यालय एवं समुदायस्तरमा निःशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ।

२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि क्षमता विकास तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ।

३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको अनिवार्य अवकाश हुँदा प्रदान गरिने प्रोत्साहन रकमको व्यवस्था गरिनेछ।

४. बैजनाथ गाउँपालिकाभित्र आकस्मिक दुर्घटनामा परेका व्यक्तिहरूलाई तत्काल निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

५. विभिन्न विशेषज्ञ स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछन्।

६. बैजनाथ गाउँपालिकामा शववाहन तथा एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइनेछ।

७. ७० वर्षभन्दा माथिका सबै असहाय, घाइते, अति अशक्त, अपाङ्गता भएका व्यक्ति, गर्भवती, दिर्घ रोगी तथा ज्येष्ठ नागरिकहरूका लागि स्वास्थ्यकर्मी परिचालन गरी मासिक घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रहरूमा स्वच्छ खानेपानी, शौचालय, घेरबार तथा पूर्वाधार मर्मतको व्यवस्था गरिनेछ।

९. शङ्कास्पद कुष्ठरोगीहरूको खोज पडताल तथा निदानका लागि परीक्षण शिविर सञ्चालन गरिनेछ।

१०. गाउँपालिकाभित्र आवश्यक स्थानहरूमा आयुर्वेद सम्बन्धी अन्तरक्रिया तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११. १० देखि १९ वर्ष उमेर समूहका विद्यालयका किशोरीहरूका लागि रक्तअल्पता (एनेमिया) परीक्षण, स्वास्थ्य परामर्श तथा उपचार कार्यक्रम सञ्चालन गरिनेछ।

१२. क्यान्सर रोग न्यूनीकरणका लागि समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३. सर्पदंश सम्बन्धी जोखिम न्यूनीकरण तथा सचेतनाका लागि समुदायस्तरमा कार्यक्रम सञ्चालन गरिनेछ।

१४. स्वास्थ्य शाखा र आयुर्वेद अस्पतालका लागि आवश्यक औषधिको व्यवस्था गरिनेछ।

१५. बर्थिङ सेन्टरहरूमा आवश्यक कार्यालय सहयोगीको व्यवस्था गरिनेछ।
१६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१७. आमा तथा शिशु मृत्युदर न्यूनीकरण गर्दै सुरक्षित गर्भावस्था, सुरक्षित प्रसूति तथा पूर्ण खोप सुनिश्चित गरिनेछ।
१८. नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्याको रोकथाम, पहिचान र व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
१९. स्वास्थ्य सेवा व्यवस्थापनलाई प्रविधिमैत्री, पारदर्शी तथा तथ्याङ्कमा आधारित बनाइनेछ।
२०. सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड, औषधि उपलब्धता तथा दक्ष जनशक्ति सुनिश्चित गरिनेछ।
२१. एचआईभी संक्रमित व्यक्तिहरूलाई बैजनाथ गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रबाट औषधि वितरण, मनोसामाजिक परामर्श सेवा तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।
२२. "एक घर, पाँच व्यवहार परिवर्तन" कार्यक्रम सञ्चालन गरिनेछ।
२३. खोप केन्द्रहरूको व्यवस्थापन तथा सुदृढीकरण गरिनेछ।

२) **शिक्षा**

१. डिजिटल ई–सामुदायिक विद्यालय कार्यक्रमलाई संघीय विशेष अनुदानको कार्यविधि अनुसार संचालन गरिनेछ।
२. स्वयंसेवक शिक्षक बैंक सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
३. सामुदायिक विद्यालयहरूको रंगरोगन, सरसफाइ तथा फूलबारी कार्यक्रमको लागि बजेटको व्यवस्था गरिनेछ ।
४. गरीब, विपन्न, दलित, जनजाति, शहीद परिवार तथा द्वन्द्वपीडित घाइते र अपाङ्गता भएका व्यक्तिका छात्र–छात्राहरूका लागि छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।
५. विद्यालय नर्सिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ।
६. प्राविधिक शिक्षा तथा बहुमुखी क्याम्पस सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।

७. गाउँपालिकाभित्र रहेका विद्यालयहरूमा विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दी मिलान तथा तह मिलान गरिनेछ।

८. सामुदायिक विद्यालयका शिक्षक–शिक्षिकाहरूको क्षमता अभिवृद्धिका लागि कृत्रिम बौद्धिकता (AI) सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

९. सामुदायिक तथा संस्थागत विद्यालयहरूमा लागू औषध दुर्व्यसन, बालविवाह तथा कानुनी सचेतना सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. कक्षा ११ र १२ मा अध्ययनरत छात्राहरूलाई उच्च शिक्षा हासिल गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।

११. संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरूलाई सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

१२. कर्मठ, लगनशील तथा उत्कृष्ट शिक्षक र विद्यार्थीहरूलाई सम्मान गरिनेछ।

१३. आधारभूत तह (कक्षा ८) को ग्रेड वृद्धि कक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४. गाउँपालिका स्तरीय अन्तर–माध्यमिक विद्यालय रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।

१५. आधारभूत तह तथा माध्यमिक शिक्षा परीक्षा (SEE) केन्द्रको कन्ट्रोल रुम तथा आवश्यक संरचनाको मर्मत–सम्भार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६. सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षा तथा सिकाइ सुनिश्चित गर्न आवश्यकताका आधारमा पुस्तकालय, सुरक्षित खेलमैदान, खानेपानी, शौचालय, घेरबार, मर्मत कार्यक्रमको व्यवस्था गरिनेछ।

१७. विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको भूमिकालाई थप प्रभावकारी बनाउन विशेष बजेको व्यवस्था गरिनेछ ।

१८. सामुदायिक र संस्थागत विद्यालयहरूबीच सहकार्य, शिक्षकहरुबीच सिकाइ आदान-प्रदान कार्यक्रम तथा समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१९. विद्यालय तहदेखि नै स्थानीय आवश्यकता तथा श्रम बजारसँग सम्बन्धित सीपमूलक, प्राविधिक तथा उद्यमशीलता शिक्षालाई प्रोत्साहन गरिनेछ।

### ३) खानेपानी तथा सरसफाइ

१. गाउँपालिकाका सबै वडा वासीलाई सुरक्षित, स्वच्छ तथा सरसफाइयुक्त खानेपानी

सुविधा उपलब्ध गराउन "एक घर, एक पिउने पानी धारा" कार्यक्रम सञ्चालन गरिनेछ। साथै सार्वजनिक स्थानहरूमा सार्वजनिक धारा तथा शौचालयको व्यवस्था गरिनेछ।

२. गाउँपालिकामा फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित गर्न साझेदारी कार्यक्रमको लागि बजेटको व्यवस्था गरिनेछ ।

३. प्लास्टिकजन्य तथा अन्य फोहोर व्यवस्थापनका लागि गृहिणी, विद्यालयका विद्यार्थी, नागरीक, क्लब तथा सामाजिक संघ–संस्थाहरूलाई लक्षित गरी आवश्यक तालिम, जनचेतनामुलक कार्यक्रम र डस्टबिनको व्यवस्था गरिनेछ।

४. खानेपानीका मुहान, पोखरी तथा जलस्रोतहरूको संरक्षण गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण तथा जलवायु अनुकुलनका प्रयास कार्यक्रम संचालन गरिनेछ।

## ४) कृषि, सिँचाइ तथा भू-उपयोग

१. विभिन्न जातका धान, गहुँ, मकै, तेलहन, दलहन, बेमौशमी उन्नत हाइब्रेड जातको तरकारीको बिउ तथा फलफूलका बीउहरू ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ।

२. राष्ट्रिय धान दिवस तथा विश्व खाद्य दिवस मनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३. रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई निरन्तरता दिइनेछ।

४. कृषि हाटबजारको निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।

५. कृषि व्यवसायमा युवाहरूलाई आकर्षित गर्दै स्वरोजगार सिर्जना गर्ने उद्देश्यले युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

६. खाद्यान्न, बीउ उत्पादन, प्रशोधन, ब्रान्डीङ्ग तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

७. कृषितर्फ विभिन्न तालिमहरूको व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

८. बेमौषमी तरकारी खेति, चैते धान र बसन्ते मकै खेति गर्ने किसानलाई प्रोत्सान गरिने छ ।

९. रैथाने बालि खाद्यान बालि प्रवर्धन कार्यक्रम संचालन गरिनेछ ।

१०. कृषि कार्यक्रमको डकुमेन्ट्री निर्माण गरिनेछ ।

११. IPM कृषि पाठशाला संचालन गरिनेछ ।

१२. सिँचाइका लागि बोरिङ्ग, सिँचाइ पक्की कुलो, विविध सिंचाई कार्यक्रमको लागि संघिय विशेष अनुदान कार्यविधि अनुसार खरिद गरि कृषि समूह, कृषि फर्म, व्यवसायी किसानका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१३. स्थानीय स्तरमा सहकारीमार्फत बीउ आत्मनिर्भर कार्यक्रमलाई साझेदारीमा निरन्तरता दिइनेछ।

## ५) पशुपन्छी तथा मत्स्यपालन

१. पशु स्वास्थ्यका लागि आवश्यक औषधि खरिद गरिनेछ।

२. पशुपन्छी व्यवसायमा युवाहरूलाई आकर्षित गर्न विशेष युवा उद्यमी लक्षित कार्यक्रम लागू गरिनेछ।

३. पशुपन्छीमा लाग्ने परजीवी तथा रोग नियन्त्रणका लागि खोप तथा भ्याक्सिन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. लम्पी स्किन रोग नियन्त्रणका लागि आकस्मिक घरदैलो उपचार सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५. वडास्तरीय पशुपालन सम्बन्धी स्थलगत तालिम कार्यक्रम ८ वटै वडामा सञ्चालन गरिनेछ।

६. स्थानीय पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

७. पशु सेवा शाखाको कार्यालय व्यवस्थापन तथा घेरबारको लागि आवश्यक बजेट छुट्याइनेछ ।

## किसानसंग पालिका प्रमुख कार्यक्रम :

### कृषि तर्फ:

१. "किसानसँग पालिका प्रमुख" कार्यक्रमको स्मारिका प्रकाशन गरिनेछ।

२. कृषि यान्त्रीकरण प्रवर्द्धनका लागि पावर टिलर. मिनी टिलर र मिनी टिलरमा प्रयोग हुने ट्रालीमा, आलु रोप्ने मेशिन, आलुको ड्याङ्ग बनाउने मेशिन हरुमा ७० प्रतिशत अनुदानमा किसानलाई उपलब्ध गराइने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

३. कृषक दिवस तथा कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

४. मागका आधारमा कृषि समूह/कृषि फर्म/व्यावसायीक किसानलाई पूर्ण अनुदान कार्यक्रम संचालन गरिनेछ ।

**किसानसंग पालिका प्रमुख कार्यक्रम :**

**पशु तर्फः**

१. व्यवसायिक पशुपालक किसानहरूलाई विद्युतीय चारा मेसिन ७० प्रतिशत अनुदानमा वितरण गरिनेछ।

२. वर्षे तथा हिउँदे घाँसका बीउहरू ७० प्रतिशत अनुदानमा वितरण गरिनेछ।

३. सुरक्षित तथा स्वच्छ फार्म/गोठ सुधारका लागि मागका आधारमा ७० प्रतिशत अनुदानमा आवश्यक सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

४. वर्षे घाँस र हिउँदे घाँसको बिउ ७० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. सुत्केरी पशु स्याहार तथा पोषण (दाना) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. माछापालन गर्ने किसानहरूको उत्पादन पहिचान गरी आवश्यक प्रोत्साहन तथा सहयोग गरिनेछ।

७. मागका आधारमा व्यावसायिक पशुपालक किसानलाई पूर्ण अनुदान कार्यक्रम संचालन गरिनेछ ।

## ६) सहकारी

१. सहकारी दिवसलाई नियमित रूपमा गाउँपालिका स्तरमा मनाइनेछ।

२. बैजनाथ गाउँपालिकामा सक्रिय कृषि सहकारी संस्थाहरूसँग साझेदारी गर्दै पूर्ण अनुदानमा विषयगत क्षेत्रका कार्यक्रमहरू सञ्चालन गर्न सम्झौता गरी कार्यान्वयन गरिनेछ।

३. सहकारी संस्थाहरूसँग समन्वय बैठकलाई निरन्तरता दिइनेछ।

४. स्थानीय तहभित्र रहेका सहकारीहरूको अनुगमन तथा नियमन कार्य गरिनेछ।

५. सहकारी संस्थाहरूलाई पारदर्शी, उत्तरदायी तथा प्रविधिमैत्री बनाइनेछ।

६. सहकारी संस्थालाई कर्जा सूचना तालिम संचालन गरिने छ।

## ७) घरेलु तथा साना उद्योग, वाणिज्य, व्यापार तथा रोजगारी

१. प्राविधिक शिक्षा तथा सीपमूलक तालिमहरू (वरिष्टा, ड्राइभिङ, वेल्डिङ, वायरिङ, नाइ/कपाल काट्ने, एसी रिपेयर आदि) सञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ।

२. महिला उद्यमीहरूलाई प्रोत्साहन गर्न ब्यूटिसियन, सिलाइ–कटाइ, बुटिक तालिम, सीप विकास, प्रविधि हस्तान्तरण तथा उद्यमशीलता विकासका लागि आवश्यक सहयोग गरिनेछ।

३. लोकसेवा तयारी कक्षालाई निरन्तरता दिइनेछ।

४. घरेलु तथा साना उद्योग सञ्चालन गर्न इच्छुक व्यक्तिहरूलाई विशेष प्रोत्साहन गरिनेछ।

५. स्थानीय स्रोत, सीप र प्रविधिमा आधारित घरेलु तथा साना उद्योगको विकास गर्दै स्वरोजगार तथा रोजगारी सिर्जना गरिनेछ।

६. स्थानीय उत्पादनमा आधारित घरेलु तथा साना उद्योगहरूको स्थापना, विस्तार तथा बजारीकरणमा सहयोग गरिनेछ।

७. स्थानीय व्यापार तथा बजारलाई व्यवस्थित, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाइनेछ।

## ८) युवा तथा खेलकुद

१. बैजनाथ गाउँपालिका गोल्डकप प्रतियोगिता सञ्चालन गरिनेछ।

२. उपप्रमुख अन्तर–विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।

३. वर्ष उत्कृष्ट खेलाडीलाई प्रशिक्षणका लागि छात्रवृत्ति तथा पुरस्कार सहयोग प्रदान गरिनेछ।

४. युवा महोत्सव कार्यक्रम सञ्चालन गरी खेलकुद र संस्कृतिलाई जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ।

५. स्थानीयस्तरमा खेलकुद विकासका लागि खेल पूर्वाधार निर्माण तथा खेल सामग्रीको उपलब्धता सुनिश्चित गरिनेछ।

६. किशोरीहरूका लागि आत्मरक्षा तालिम सञ्चालन गरिनेछ।

७. गाउँपालिका स्तरीय खेलाडीहरूका लागि बीमाको व्यवस्था गरिनेछ।

८. युवा तथा खेलकुद विकास समितिको खेलकुद गतिविधि संचालन व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९. युवा तथा खेलकुद रणनीति तयार गरिनेछ।

## ९) पर्यटन प्रवर्द्धन, धर्म, संस्कृति तथा कला

१. थारु संस्कृति संरक्षण तथा संग्रहालयको व्यवस्थापन गरिनेछ।

२. सूचना तथा सञ्चार प्रविधि (भिडियो, कम्प्युटर आदि) को उपयोग मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

३. स्थानीय जनशक्तिको क्षमता विकासका लागि गाइड, खाना पकाउने तथा भाषा सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

४. पर्यटन विकासका लागि निजी क्षेत्रसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

५. मठ, मन्दिर, गुम्बा, चैत्य, मस्जिद, गिर्जाघर, पुरातात्त्विक स्थल तथा जात्रा स्थलहरूको अभिलेखन गरी स्थानीय सम्पदा क्षेत्र घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

६. सबै जातजाति तथा धर्मावलम्बीहरूको कला, संस्कृति संरक्षण गर्दै पौराणिक बाजा, कला सामग्रीको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

७. शहीद बैजनाथ थारुको सम्मानमा शालिक स्थापनाको लागि आवश्यक प्रबन्धन गरिनेछ।

८. बैजनाथ गाउँपालिकाको पर्यटन गुरुयोजना तयार गरी पर्यटकीय स्थलहरूको प्रचार–प्रसारमा जोड दिइनेछ।

९. बैजनाथ–५ छमनियामा थारु संग्रहालयको पूर्वाधार निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

१०. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाको संरक्षण, विकास तथा प्रचार–प्रसार गरिनेछ।

११. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि स्थानीय पहिचान झल्काउने महोत्सव तथा मेलाहरू आयोजना गरिनेछ।

१२. ग्रामीण पर्यटन, सामूहिक होमस्टे तथा पर्यटन व्यवसायलाई प्रोत्साहन गर्दै स्थानीय आयआर्जन वृद्धि गरिनेछ।

१३. गाउँपालिका भवनको आसपास पिकनिक स्पट निर्माणका लागि पहल गरिनेछ।

१४. बैजनाथ–४ बोडिंग बस्तीमा अवस्थित पिकनिक स्पटको स्तरोन्नति गरिनेछ।

१५. बैजनाथ–३ कन्वा तालको संरक्षण तथा प्रवर्द्धन गर्दै पिकनिक पार्क तथा सामुदायिक होमस्टे सञ्चालनका लागि पहल गरिनेछ।

१६. बैजनाथ–६ स्थित बोटानिकल मानसरोवर पार्कलाई व्यवस्थित गर्दै पर्यापर्यटन विस्तारका लागि होमस्टे सञ्चालनमा प्रोत्साहन गरिनेछ।

१७. बैजनाथ–१ को शिव मन्दिरलाई शिव विहारका रूपमा विकास गरी धार्मिक पर्यटकीय स्थलका रूपमा सञ्चालन गरिनेछ।

१८. नमुना थारू गाउँ 'च्यामा' मा सामूहिक होमस्टे तथा पर्यापर्यटन विकासका लागि आवश्यक प्रबन्धन गरिनेछ।

## १०) भौतिक पूर्वाधार

१. गाउँपालिकाको प्रशासकीय भवनको प्राङ्गणमा नगर प्रहरी निवास निर्माण गरिनेछ।

२. सडक पूर्वाधारको आवश्यकता अनुसार मर्मत–सम्भार गरिनेछ।

३. बैजनाथ–१ र बाँसगढी नगरपालिकाको वडा नं. २ जोड्ने करेली खोलामा कजवे निर्माण गरिनेछ।

४. गाउँपालिका भित्र निर्माण हुने ठूला योजनाहरूको डी.पी.आर. तयार गरी निर्माण कार्य अगाडि बढाइनेछ।

५. बैजनाथ–६ र ८ जोड्ने दोदरा नालामा पक्की पुल निर्माण कार्यका लागि बजेट सुनिश्चितता गरिनेछ।

६. हाईमास्ट लाइट जडानको प्रक्रिया अगाडि बढाइनेछ।

७. शिक्षा क्षेत्रमा पुराना विद्यालय भवनहरूलाई क्रमशः सुविधा सम्पन्न रूपमा निर्माण तथा स्तरोन्नति गरिनेछ।

८. गाउँपालिका भित्रका सम्पूर्ण वडाहरूलाई सडक सञ्जालमा जोडिनेछ।

९. कृषि विकासतर्फका पूर्वाधारमा किसानको आवश्यकता अनुसार कृषि बाँध, सिँचाइ कुलो तथा पोखरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

१०. हरित पूर्वाधार विकासमा जोड दिइनेछ।

११. सोलार लाइट जडानका लागि आवश्यक पहल गरिनेछ। साथै गाउँपालिका स्तरीय गौरवका बहुवर्षिया योजनाहरू प्रवर्धन र सञ्चालन गरिनेछन्।

## ११) वन, वातावरण तथा विपद् व्यवस्थापन

१. वन क्षेत्रको नक्साङ्कन गरी आवश्यकता अनुसार वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

२. प्लास्टिकजन्य तथा अन्य हानिकारक फोहोर व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३. विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. अन्तर–स्थानीय तहसँग समन्वय गरी फोहोर व्यवस्थापनका लागि संयुक्त परियोजना सञ्चालन गर्न पहल गरिनेछ।

५. वन डढेलो नियन्त्रण तथा रोकथामका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै अग्निरोधक सामग्री खरिद तथा वितरण गरिनेछ।

६. पालिकाभित्र विद्युतीय तथा सुधारिएको चुलो प्रयोगको अवधारणालाई निरन्तरता दिइनेछ।

७. विपद् पूर्वतयारीका लागि वारुण यन्त्र (दमकल) खरिद गरिनेछ। साथै आवश्यक सामग्री व्यवस्थापन गरी स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC) को सञ्चालनलाई निरन्तरता दिइनेछ। रेडक्रस सोसाइटी तथा अन्य साझेदार निकायहरूसँग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८. भूक्षय नियन्त्रणका लागि जैविक तटबन्ध निर्माण तथा नदी नियन्त्रणका लागि तटबन्ध निर्माण गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ।

९. वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१०. विपदमा परेका व्यक्तिहरूलाई तत्काल राहत तथा उद्धार सेवा उपलब्ध गराइनेछ।

११. सडकको मापदण्ड पुगेका क्षेत्रमा दुवैतर्फ तथा सार्वजनिक स्थलमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

१२. मनसुन अगावै बस्ती क्षेत्रका घर–आँगन, खोला तथा नालाको सरसफाइ, गगरान हटाउने तथा पानी निकासका संरचनाहरू खुला गर्ने कार्य गरिनेछ।

१३. वन क्षेत्रको संरक्षण, जैविक विविधताको जगेर्ना तथा हरियाली विस्तारलाई प्राथमिकता दिइनेछ।

१४. स्वच्छ, हरित तथा वातावरणमैत्री पालिका निर्माण गरिनेछ।

१५. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा उद्धार क्षमतालाई सुदृढ गरिनेछ।

१६. जलस्रोत संरक्षण, भूक्षय नियन्त्रण तथा प्राकृतिक स्रोतहरूको दिगो उपयोग सुनिश्चित गरिनेछ।

## १२) सुशासन तथा सेवा प्रवाह

१. भुक्तानी तथा सम्झौता अलर्ट प्रणाली लागू गरिनेछ।

२. डिजिटल पालिकाको अवधारणालाई निरन्तरता दिइनेछ।

३. गुनासो सुनुवाइ सम्बन्धी आवश्यक संयन्त्रको विकास तथा सुदृढीकरण गरिनेछ।

४. न्यायिक समितिलाई थप सक्रिय बनाउँदै समितिका पदाधिकारीहरूको क्षमता विकासमा जोड दिइनेछ साथै आम नागरिकलाई न्यायिक विषयमा सुसूचित हुन अभिवृधि गर्न न्यायीक सरोकार कार्यक्रम संचालन गरिनेछ ।

५. वडा तथा पालिका स्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिका भित्रका सबै शाखाहरुको र कार्यालयहरुको चौमशिक सामाजिक परीक्षण गरिनेछ ।

७. मिडिया पार्टनर नीतिमार्फत पालिकाका गतिविधि, सूचना तथा उपलब्धिहरूको प्रभावकारी सञ्चार र प्रसारण गरिनेछ।

८. पालिकाभित्र सूचीकृत भई सञ्चालनमा रहेका सञ्चार संस्था तथा सञ्चारकर्मीहरूको प्रवर्द्धन गरिनेछ।

९. युवाहरूलाई उद्यमशीलतासँग जोड्न प्रोत्साहनमूलक तथा प्रेरणादायी तालिम सञ्चालन गरिनेछ।

१०. स्थानीय सञ्चारमाध्यम तथा सञ्चारकर्मी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवश्यक सहयोग गरिनेछ।

११. सूचना, गुनासो तथा सेवा नागरिकको मोबाइलमा उपलब्ध गराउन पालिकाको आधिकारिक मोबाइल एप निर्माण गरिनेछ।

१२. पालिका स्तरीय न्यायिक समितिको सेवा प्रवाह प्रभावकारी बनाउन ८ वटै वडामा मेलमिलाप केन्द्र गठन गरिनेछ तथा प्रत्येक केन्द्रमा एक–एक जना सहजकर्ताको व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

१३. मध्यकालीन खर्च संरचना (MTEF) तयार गरिनेछ।

१४. पूर्ण डिजिटल प्रणालीको प्रयोगमार्फत पालिका तथा वडा कार्यालयहरूलाई क्रमशः कागजविहीन कार्यालयका रूपमा विकास गरिनेछ ।

१५. व्यवसाय, सहकारी, संघ–संस्था, समूह तथा निर्माण व्यवसायीहरूको दर्ता तथा नवीकरण प्रक्रियालाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ ।

१६. खरिद गुरुयोजना तथा वार्षिक खरिद योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१७. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. गुनासो पोर्टलको स्थापना तथा व्यवस्थापन गरिनेछ ।

१९. कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनका आधारमा सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. असल अभ्यासहरूको अध्ययन, अनुभव आदान–प्रदान तथा अवलोकन भ्रमण कार्यक्रमको प्रबन्ध गरिनेछ ।

## १३) लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा नागरिक सशक्तीकरण

### क) बालबालिका

१. बालश्रम, बालविवाह, बालअपराध, दुर्व्यवहार तथा हिंसा न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. सबै विद्यालयहरूमा बालअधिकार शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. प्रत्येक वडामा बाल क्लब गठन तथा सञ्चालन गरिनेछ ।

४. अनाथ, अति विपन्न, असहाय तथा सडक बालबालिकाहरूको उद्धार, संरक्षण तथा पुनर्स्थापनाका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. बालमैत्री तथा बालश्रममुक्त गाउँपालिका घोषणा गर्न आवश्यक मापदण्ड पूरा गरी आवश्यक प्रवर्धन गरिनेछ ।

६. लागूऔषध दुर्व्यवसन तथा बालविवाह न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. बाल दिवस, चित्रकला प्रतियोगिता, बाल सम्मेलन तथा अन्य बालमैत्री कार्यक्रमहरूको आयोजना गरिनेछ ।

८. बाल क्लकको व्यवस्थापन खर्चको प्रवर्धन गरिनेछ ।

ख) ज्येष्ठ नागरिक

१. "ज्येष्ठ नागरिक समाजका गहना" सम्मान तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. ज्येष्ठ नागरिकहरूलाई मासिक रूपमा घरदैलो स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

३. ज्येष्ठ नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनेछ।

४. ज्येष्ठ नागरिकहरूलाई सेवा प्रवाहमा पहिलो प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।

५. विपन्न ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई जिल्लाभित्र उपचार प्रयोजनका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. शिक्षित तथा सीपयुक्त ज्येष्ठ नागरिकहरूको ज्ञान, अनुभव र क्षमतालाई समाज तथा विकास निर्माणका कार्यमा अपनत्व गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

७. ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप तथा अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने अन्तरपुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. ज्येष्ठ नागरिक सुरक्षा प्याकेज कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

९. ज्येष्ठ नागरिक खेल मनोरन्जन कार्यक्रम संचालनको लागि प्रवर्धन गरिनेछ ।

ग) अपाङ्गता भएका व्यक्ति तथा असहाय

१. अपाङ्गतामैत्री भौतिक संरचनाको विकास तथा कार्यान्वयन गरिनेछ।

२. स्थानीय नीति, योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

३. सहायक उपकरण वितरण तथा मर्मत कार्यक्रम सञ्चालन गरिनेछ।

४. अपाङ्गता भएका विपन्न परिवारका लागि आयआर्जन तथा सीप विकास सम्बन्धी तालिम सञ्चालन गरी आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

५. डिजिटल अपाङ्गता परिचयपत्र वितरण, घुम्ती शिविर तथा अपाङ्गता समन्वय बैठक व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

७. अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइनेछ ।

८. अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष तथा समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

## घ) महिला

१. महिलाहरूलाई सीप, रोजगारी तथा निर्णय प्रक्रियामा सहभागिता गराउने कार्यको थालनी गरिनेछ ।

२. सीप विकास तालिम (सिलाइ–बुनाइ, चुरा–पोते निर्माण, बुटिक सञ्चालन, अचार बनाउने, कृषि उद्यम लगायत) सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३. महिला समूह, आमा समूह तथा महिला क्लबहरूको सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

४. आर्थिक रूपमा पछाडि परेका वा पारिएका एकल महिला, दलित महिला तथा बालविवाहबाट प्रभावित महिलाहरूलाई निःशुल्क शिक्षामा पहुँच अभिवृद्धिका लागि सहयोग गर्नुका साथै आयआर्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सरकारी सेवामा प्रवेशका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।

६. लक्षित वर्गका लागि सञ्चालन हुँदै आएका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

## ङ) दलित

१. दलित समुदायका युवायुवतीहरूको सीप तथा रोजगारी प्रवर्द्धनका लागि वेल्डिङ, इलेक्ट्रिसियन, सिलाइ–कटाइ, कृषि उत्पादन, कम्प्युटर तथा ब्युटी पार्लर सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

२. छुवाछूत तथा जातीय विभेदविरुद्धका घटनाको निवारण तथा कारबाहीका लागि स्थानीय समिति गठन गरिनेछ ।

३. कलात्मक सुन–चाँदीका गहना निर्माणका लागि आवश्यक सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।

४. दलित तथा गैरदलित समुदायबीच सामाजिक सद्भाव, सहअस्तित्व र आपसी समझदारी अभिवृद्धिका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

५. दलितहरुको उत्थानका लागि विशेष कानुन निर्माण गर्न पहल गरिनेछ ।

### (च) आदिवासी जनजाति तथा थारु समुदाय

१. "एक गाउँ, एक संस्कृति" अभियान अन्तर्गत नमुना थारु गाउँ, सामुदायिक होमस्टे तथा अन्य जनजाति समुदायका सांस्कृतिक पहिचानको स्थानीय ब्रान्डिङ गरिनेछ ।

२. थारु समुदायमा देखिने सिकलसेल एनिमिया सम्बन्धी समस्या न्यूनीकरणका लागि विशेष स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

३. थारु समुदायमा प्रचलित बडघर प्रथाको सम्मान, संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

४. जातीय परम्परामा रहेका भाषा, भेषभूषा तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गरिनेछ। साथै, जातीय परम्परा झल्किने सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### (छ) अल्पसंख्यक (लोपोन्मुख, मधेसी, मुस्लिम, पिछडावर्ग, यौनिक अल्पसंख्यक)

१. लोपोन्मुख, मधेसी, मुस्लिम, पिछडावर्ग तथा यौनिक अल्पसंख्यक समुदायका महिलाहरूका लागि सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२. LGBTIQ+ समुदायका लागि स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ। साथै, यौनजन्य संक्रमण (STI) तथा VIV सम्बन्धी परामर्श सेवा र आवश्यक सहजीकरण गरिनेछ ।

३. मधेसी तथा मुस्लिम समुदायका महिलाहरूलाई स्थानीय विकासको मूलप्रवाहमा जोड्नका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

४. मुस्लिम तथा मधेसी समुदायका मदरसा तथा विद्यालयहरूमा स्वच्छ खानेपानी, शौचालय मर्मत तथा सुधार र थप पूर्वाधार विकास कार्यलाई निरन्तरता दिइनेछ ।

### (ज) विधायन, वित्तीय अनुशासन तथा वित्तीय क्षेत्र

१. गाउँपालिकाभित्र रहेका बैंक तथा वित्तीय संस्थाहरूसँग नियमित समन्वय गरी नागरिकमुखी सेवा प्रवाह गर्न अनुगमन तथा नियमन प्रक्रियालाई निरन्तरता दिइनेछ ।

२. आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण गरिनेछ ।

३. खरिद नियमावली निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. महालेखापरीक्षकबाट औँल्याइएका सुझाव, असुलउपर तथा नियमित गर्नुपर्ने सम्पूर्ण विषयहरू प्रचलित आर्थिक ऐन तथा नियम बमोजिम कार्यान्वयन गरिनेछ।

५. गाउँपालिकाबाट हुने आर्थिक कारोबारलाई थप व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउन आवश्यक कार्यविधि र मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी यस गरिमामय सभामा प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा सम्पूर्ण बैजनाथवासी दाजुभाइ, दिदीबहिनी, आमा तथा बुवाहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

यस नीति तथा कार्यक्रम तर्जुमाका क्रममा सहयोग गर्नुहुने पालिकास्थित सम्पूर्ण राजनीतिक दलहरू, कार्यपालिकाका सदस्यज्यूहरू, नीति तथा कार्यक्रम निर्माणमा रचनात्मक सहयोग पुर्याउनुहुने सम्पूर्ण बुद्धिजीवी, समाजसेवी तथा गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

धन्यवाद।

प्रकाश बहादुर शाही
अध्यक्ष
बैजनाथ गाउँपालिका, रामपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल
मिति : २०८३ असार ९ गते शुभम्